SuryaJyoti
जीवनको लागि

# घर/जग्गा खरिदको लागि शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रकाशित मिति: २०८३।०७।१०**

यस कम्पनीको व्यवसायिक तथा कार्यालय प्रयोजनको लागि तपसिलमा उल्लेखित क्षेत्रहरुमा घर/जग्गा खरिद गर्नुपर्ने भएकोले निम्न उल्लेखित शर्तहरुको अधिनमा रही आवश्यक कागजातहरु संलग्न गरी सूचना प्रकाशित मितिले ३० दिन भित्र शिलबन्दी बोलपत्र प्रस्ताव पेश गर्नुहुन उल्लेखित क्षेत्रका घर/जग्गा बिक्री गर्न इच्छुक घरजग्गा धनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

**घर/जग्गा खरिदको लागि प्रस्तावित स्थान तथा क्षेत्रहरु:**

| जिल्ला/न.पा | जग्गाको क्षेत्रफल | प्रस्तावित स्थान |
|---|---|---|
| काठमाण्डौ तथा ललितपुर | न्यूनतम १० आना देखि ६ रोपनीसम्म। | पुतलीसडक, कमलादी, उत्तरढोका, नागपोखरी, कमलपोखरी, नक्शाल, गैह्रिधारा, हात्तिसार, टंगाल, भाटभटेनी, बालुवाटार, महाराजगञ्ज, लाजिम्पाट, कलंकी, सितापाईला, कालिमाटी, कुलेश्वर, चण्डोल, विशालनगर, गहनापोखरी, ज्ञानेश्वर, गौशाला, बत्तिसपुतली, गैह्रिगाउँ, तिनकुने, कोटेश्वर, नयाँ बानेश्वर, थापाथली, कुपण्डोल, सानेपा, पुल्चोक, बल्खु, जावलाखेल, कुमारीपाटी, मानभवन वा उक्त स्थान आसपासका क्षेत्रहरू। |
| मोरङ्ग/ विराटनगर | न्यूनतम ३ कठ्ठा। | तिनपैनी चोक देखि गोल्छा चोक, भृकुटी चोक देखि एयरपोर्ट मोड वा ट्राफिक चोक देखि महेन्द्र मोरङ्ग क्याम्पस चोक सम्म वा उक्त स्थानबाट १ कि.मि. आसपासका क्षेत्रहरू। |

**शर्तहरू:**

१. बिक्रि गरिने घर/जग्गाको विस्तृत विवरण (जिल्ला, म.न.पा., वडा नं., स्थान, कित्ता नं. जग्गाको क्षेत्रफल, घर निर्माण भएको भएमा निर्मित घरको क्षेत्रफल, घर निर्माण शुरु भएको र सम्पन्न भएको मिति इत्यादि) उल्लेख गरी सो जग्गासंग सम्बन्धीत कागजातहरू (लालपुर्जा, जग्गाधनीको नागरिकता, चालु आ.व. को मालपोत तथा सम्पत्ति कर तिरेको रसिद, ब्लुप्रिन्ट/फिल्ड नक्सा, घर निर्माण स्वीकृती पत्र, घरको स्वीकृत नक्शा इत्यादी) को प्रतिलिपी संलग्न गरी प्रस्ताव पेश गर्नुपर्नेछ। घर/जग्गाको अवस्था हेरी आवश्यकता अनुसार कम्पनीले थप कागजातहरू माग गर्न सक्नेछ।

२. बिक्रि गरिने घर/जग्गाको स्वामित्व संस्थाको नाममा रहेको भएमा घर/जग्गा विक्री गर्ने तथा मुल्य प्रस्ताव गर्ने सम्बन्धमा संचालक समितिको निर्णय, अख्तियार प्राप्त व्यक्तिको नागरिकता प्रमाणपत्र, संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपी समेत प्रस्ताव साथ पेश गर्नु पर्नेछ।

३. जग्गाको प्रति आना वा प्रति कठ्ठा मुल्य, घर निर्माण भएको भएमा घरको मुल्य र घर/जग्गाको कुल बिक्री मुल्य समेत अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा उल्लेख गरेको रकम फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ। बहालमा लागेको भवन भएको अवस्थामा आर्जन भइरहेको मासिक बहाल रकम समेत उल्लेख गर्नु पर्नेछ।

४. जग्गाको चार किल्ला छुट्टीने गरि बाउण्ड्री निर्धारण गरिएको, साँध सिमाना स्पष्ट भएको र संधियारहरूसंग कुनै विवाद नभएको हुनु पर्नेछ।

५. जग्गाको नक्शा तथा फिल्डमा कम्तीमा ६ मिटरको पक्की सडकको पहुँच भएको हुनुपर्नेछ। साथै घर/जग्गामा मोहीको हक हिस्सा नभएको, कानूनी विवाद नभएको, गुठी स्वामित्व नभएको, रैकर तथा नीजि हकभोगमा रहेको, खोलानाला खहरे, हाईटेन्सन लाइन, सडक विभाग तथा नगरपालिकाको मापदण्ड अनुरूप सडक विस्तार, एयरपोर्ट, मठ, मन्दिर, मस्जिद, गुम्बा तथा अन्य सार्वजनिक निकायले भविष्यमा अधिग्रहण गर्न सक्ने सम्भावना नभएका घर/जग्गा हुनु पर्नेछ।

६. जग्गामा घर निर्माण भएको हकमा घरको निर्मित क्षेत्रफल बेसमेण्ट सहित कम्तिमा ८,५०० (आठ हजार पाँच सय) वर्ग फिट भएको हुनु पर्नेछ। उक्त घरमा अण्डर ग्राउण्ड पार्किङ्ग वा पार्किङ्ग सुविधा सहित व्यवसायिक प्रयोजनको लागि उपयुक्त पुर्वाधार जडान भएको घर/जग्गालाई खरिद प्रक्रियामा प्राथमिकता दिईनेछ। साथै कम्पनीको लागि उपयुक्त घर भई बहालमा लागेको घर र संस्थागत घर/जग्गाधनीको प्रस्तावलाई खरिदमा प्राथमिकता दिन सकिनेछ।

७. बोलपत्र प्रस्ताव फारम यस कम्पनीको केन्द्रिय कार्यालय ज्ञानेश्वर, काठमाण्डौ र शाखा कार्यालय गोल्छाचोक विराटनगरमा कार्यालय समयमा सम्पर्क गरि प्राप्त गर्न सकिनेछ।

८. घर/जग्गा विक्रीको प्रस्तावको साथ आवश्यक कागजातहरू संलग्न गरी खामको बाहिरी भागमा **"घर/जग्गा विक्री सम्बन्धी शिलबन्दी बोलपत्र"** लेखी शिलबन्दी गरी तोकिएको म्याद भित्र काठमाण्डौ र ललितपुर जिल्लाका घर/जग्गाधनीहरूले केन्द्रिय कार्यालय ज्ञानेश्वर, काठमाण्डौमा र मोरङ्ग जिल्लाका घर/जग्गाधनीहरूले शाखा कार्यालय गोल्छाचोक, विराटनगरमा कार्यालय समयमा पेश गर्नु पर्नेछ।

९. मिति २०८३।०८।०९ गते अपरान्ह ४:०० बजे भित्र दर्ता भएका बोलपत्र प्रस्तावहरु मिति २०८३।०८।१० गते अपरान्ह ३:०० बजे शिलबन्दी प्रस्ताव दर्ता भएका कार्यालयमा नै खोलिने छ। प्रस्ताव पेश गर्ने सम्बन्धित संस्था वा व्यक्तिको प्रतिनिधि उपस्थित नभएता पनि प्रस्ताव खोल्न बाधा पुग्ने छैन।

१०. कुनै पनि शिलबन्दी बोलपत्र प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने वा प्रस्तावहरू रद्ध गर्ने वा कम्पनीलाई उपयुक्त लागेको बोलपत्र प्रस्ताव मात्र खरिद प्रक्रियाको लागि अगाडि बढाउने सम्बन्धमा सम्पूर्ण अधिकार यस कम्पनीमा निहित रहनेछ र सो सम्बन्धमा कम्पनीको निर्णय नै अन्तिम हुनेछ।

११. शिलबन्दी बोलपत्र प्रस्ताव पेश गर्ने सम्बन्धित संस्था वा व्यक्ति वा निजका प्रतिनिधिहरूले माथि उल्लेखित शर्त तथा बन्देज भित्र रही पेश गर्नुपर्नेछ। निर्धारित समयमा दर्ता हुनआएका प्रस्तावहरूले माथि उल्लेखित शर्त तथा बन्देजहरूको पूर्ण पालना गर्न मन्जुर गरी पेश गरेको मानिनेछ।

---


## सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

**केन्द्रिय कार्यालय, शान्ता प्लाजा, ज्ञानेश्वर, काठमाडौं**

**सम्पर्क नं. ०१-४५४५९४१, ०२१-५१४६५५, वेबसाइट: www.suryajyotilife.com**